नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२००८३७
फ्याक्सः ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः २०७६।०१।१०

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगासागर खत्री
भिमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# नेपाल बार एशोसिएशनद्वारा जारी

## प्रेस विज्ञप्ती

नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकाल देखि नै स्वतन्त्र, सक्षम, निर्भिक र उत्तरदायी, न्यायपालिका, विधिको शासन, मानव अधिकारको रक्षा र न्यायमा सरल सहजपहुँच, कानूनव्यवसायीहरुको हकहित, मर्यादा अभिवृद्धि र सुरक्षा प्रति प्रतिवद्ध रहँदै आएको कुरा सर्वविदितै छ । स्वतन्त्र, सक्षम निर्भिक, जवाफदेही र भ्रष्टाचारमुक्त न्यायपालिकाको लागि सक्षम, योग्य, निष्ठाबान र उच्च नैतिकचरित्र भएको व्यक्तिहरु मध्येबाट संविधान र प्रचलित कानून बमोजिम स्वच्छ र पारदर्शिरुपले न्यायाधीशहरुको नियुक्ती हुनु पर्ने कुरामा कसैको बिमति रहन सक्दैन । यसका लागि न्यायपरिषद् र यसका पदाधिकारीहरुको जिम्मेवारी र प्रभावकारी भूमिका अपरिहार्य हुन्छ ।

नेपाल बार एशोसिएशनको बर्तमान कार्यसमितिको निर्बाचन सम्पन्न भई मत गणना कार्य भई रहेको अवस्थामा अचानक मिति २०७५।१२।१९ मा न्यायपरिषदबाट सर्वोच्च अदालत र उच्च अदालतहरुमा न्यायाधीशमा नियुक्तिको निम्ति बिभिन्न व्यक्तिहरुको नाम सिफारिश भई उच्च अदालतमा तत्काल नियुक्ति भएको र सर्वोच्च अदालतमा नियुक्तिको सिफारिश हुने न्यायाधीशहरुको संसदीय सुनुवाई समेत सम्पन्न भई ने.बा.ए.को निर्वाचित नयाँ कार्यसमितिले कार्यभार सम्हाल्दाकै दिन मिति २०७६।०१।०६ मा सम्माननीय राष्ट्पतिज्यूबाट नियुक्तीको प्रकृया समेत पुरा भईसकेको सन्दर्भमा नियुक्ती हुने न्यायाधीश तथा नियुक्ति प्रकृयाका सम्वन्धमा न्यायिक बृत्तमा मात्र नभएर आम जनमानसमा समेत उत्पन्न भएको तरंग एवम यस सम्वन्धी तिव्र असन्तुष्टिले ने.बा.ए. को गंभिर ध्यानाकर्षण भएको छ । यसै बिषयलाई लिएर मिति २०७६।१।८ मा नेबाएका पूर्व अध्यक्ष, पूर्व महासचिव, वरिष्ठ अधिवक्ताहरु, उपत्यका बार इकाइका अध्यक्षहरु समेतका सल्लाहकार समितिको बैठक वसी छलफल गरी प्राप्त सुझाब समेतको आधारमा मिति २०७६।१।६ गते देखि ९ गते सम्म लगातार वसेको नेबाएको बैठकले निम्न बमोजिमको धारणा सार्बजनिक गरेको छ ।

१. न्यायाधिश नियुक्तिको सिफारिश गर्दा संविधान बिद्यमान कानूनी व्यवस्था बमोजिम सम्बद्ध निकायबाट योग्यता पुगेका व्यक्तिहरुको नाम संकलन गरी वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारी, निष्पक्षता, पेशागततथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति तथा व्यवसायीक निष्ठा समेतका आधारमा योग्यतम व्यक्तिहरुको सूचि तयार गरी ब्यापक छलफलको आधारमा योग्यतम व्यक्तिहरुको छनौट गरी सिफारिश गर्नुपर्नेमा सो बमोजिमको प्रकृया नअपनाई व्यक्तिगत पहुँच र भाग बण्डाका आधारमा हठातमा सिफारिश र नियुक्ती गरेको ने.बा.ए.को ठम्याइ रहेको छ । यस सम्वन्धी सार्वजनिक संचार माध्यमहरुमा छताछुल्ल भएको समाचारहरुबाट समग्र न्यायपालिकामाथीको जनआस्थामा समेत गंभिर क्षति पुग्न गएको छ ।

२. सर्वोच्च अदालत र उच्च अदालतमा नियुक्ती भएका कतिपय न्यायाधिशहरुको संविधान र कानून बमोजिमको अनुभव योग्यता र क्षमतामा नै गंभिर प्रश्न खडा भएको र त्यस्तो नियुक्तिले न्यायपालिकाको गरिमा माथी नै प्रश्न चिन्ह खडा भई न्यायपालिकामा सेवारत निष्ठाबान न्यायाधीश र कानून व्यवसायीहरुको समेत शीर निहुराउने कार्य भएको छ ।

२०७६।०१।१०

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२००८३७
फ्याक्सः ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

**अध्यक्ष**
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

**महासचिव**
लीलामणि पौडेल

**कोषाध्यक्ष**
रुद्र प्रसाद पोखेल

**सदस्य**
डा. शिवराज पण्डित
गंगासागर खत्री
भिमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

३. न्यायधिश नियुक्तिको सम्वन्धमा संबिधान र न्याय परिषद ऐनमा बिद्यमान रहेको समाबेशी सिद्धान्तको मर्म र भावनालाई यस पटकको न्यायाधिशको सिफारिश र नियुक्तिले पनि सम्बोधन गर्न सकेको पाइएन ।

४. सर्वोच्च अदालतमा नियुक्त न्यायाधिशहरुको संबिधान बमोजिम संसदीय सुनुवाईको नेपाल बार एशोसिएशनका पूर्व अध्यक्षले पेश गरेको बस्तु पत्रमा उल्लेखित विषय बस्तुलाई समेत पूर्ण रुपमा उपेक्षा गरी संसदीय सुनुवाई जस्तो गहन संबैधानिक जिम्मेवारीलाई सामान्य औपचारिकतामा सिमित गरी हठातमा गरिएको अनुमोदन र नियुक्तिबाट न्यायाधिशहरुको संसदीय सुनुवाई पद्धति प्रति नै गंभिर प्रश्नखडा भएको छ ।

५. नेपाल बार एशोसिएशनबाट सिफारिश भई न्यायपरिशद्मा मनोनित हुन भएको माननीय सदस्यज्यूले बार एशोसिएशनको तत्कालिन नेतृत्वसंग समेत कुनै छलफल परामर्श नगरी नयाँ केन्द्रिय समतिको निर्वाचन भई मत गणना भईरहेको समयमा कानून व्यवसायीहरुबाट न्यायधिश नियुक्तिको लागि सिफारिश हुने ब्यक्तिहरुको हठात सिफारिश गरी आफूले प्रतिनिधित्व गरेको बर्गको भावना र मर्यादालाई बेवास्ता गरी कार्य सम्पादनगर्ने प्रवृतिले परिषदमा सहभागीताप्रति नै प्रश्न चिन्ह लागेको छ ।

६. न्यायपालिकामा बिगतमा भएका नियुक्तिहरु समेत बिवाद मुक्त हुन नसकेको र पछिल्लो पटक भएको नियुक्ति थप बिवादास्पद बन्दै गएको सन्दर्भमा न्यायपालिकाको सुदुर भविश्य, स्वतन्त्र, सक्षम र निर्भिक रहने कुरामा विश्वास गर्ने आधार कम हुँदै गएको छ। यसले गर्दा न्याय परिषद्को संरचना वा संसदीय सुनुवाई वा दुवैको बिकल्प सोच्नुपर्ने या त न्याय परिषद् कानूनमा संशोधन गरी न्याय परिषद्का सदस्यहरुलाई जिम्मेवार बनाउन अपरिहार्य भइसकेको सर्बत्र अनुभूति गरिएको छ ।

तसर्थ नेपालको संविधान र न्याय परिषद् ऐन अनुकूल न्यायधिशको नियुक्ति, अनुमोदन र सिफारिश लगायतका कार्यहरुमा न्याय परिषद् र संसदीय सुनुवाई समितिले खेलेको भुमिकाले न्यायपालिकाको गरिमा र जन आस्थामा गंभिर रुपमा चोट पुगेका् निश्कर्ष निकाल्दै यस बिषयमा सम्बेदनशील र जिम्मेवार भई विषय बस्तुलाई अबिलम्ब सम्बोधन गर्न र आगामि दिनमा न्यायपालिका प्रतिको जनआस्था र मर्यादा अभिवृद्धिका लागि न्यायपरिषद् र यसका जिम्मेवार पदाधिकारी एबम् सदस्यहरु समक्ष जोडदार माग गर्दछौं । यस बिषयमा समस्यको यथोचित समाधान र सम्बोधनको निम्ति बार्ता र सम्बादमा रहन ने.बा.ए.सदैब तत्पर रहेको ब्यहोरा समेत जानकारी गराउन चाहान्छौं । साथै न्यायधिशहरुको संसदीय सुनुवाईको सम्बन्धमा गरिएको संबैधानिक ब्यवस्थाको मर्म र भावना एबम् जन अपेक्षाको समेत कदर गरी संसदीय सुनुवाई ब्यवहारिक पारदर्शि र बस्तु परक बनाउन तत्काल आबस्यक पहलगर्न संसदीय सुनुवाई समिति र संसदको समेत गंभिर ध्यानाकर्षण गराउदछौं ।

आगामी दिनमा न्यायपालिकामा हुने ढिलासुस्ती, न्यायिकविकृति, विसंगतिहरुको अन्त्य, न्यायमा जनताको सरल र सहज पहुँच, कानूनव्यवसायीहरुको दक्षता अभिवृद्धि एवम् आचार संहिता परिपालनाका लागि ने.बा.ए दृढसंकल्पित रहने प्रतिबद्धता समेत व्यक्तगर्दै हाम्रो यस अभियानमाआ-आफ्नो तर्फबाट सल्लाह सुझाव र सहयोग पुर्‍याई दिनु हुन नेवाएका पूर्व अध्यक्ष एवम् पदाधिकारीज्यूहरु, न्यायाधीशज्यूहरु, वरिष्ठ अधिवक्ताज्यूहरु लगायत सम्पूर्ण कानूनव्यवसायीज्यूहरु, बार एशोसिएशन र न्यायपालिकाका कर्मचारीहरु, नेपाल सरकार तथा दातृ निकायहरु, अदालत एवम् पत्रकार, संचारकर्मी एवम् संचार माध्यम तथा सरोकारवालाहरु सबैमा हार्दिक अपिल गर्दछौं ।

निरन्तर सहयोग र समझदारीका लागि धन्यवाद

२०७८।०९।१०

लीलामणि पौडेल
महासचिव
नेपालबार एशोसिएशन

नेपाल बार एशोसिएशन Nepal Bar Association